☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२९
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश,नेपाल

**तानसेन, पाल्पा**

प.स :- २०८२/०८३
च.न :-

मिति-२०८२/१२/३०
ने.स. ११४६ चौलागा एकादशी

## शुभकामना

तानसेन नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरबासीहरू, साथै देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। नयाँ वर्षले सबैको जीवनमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगति ल्याओस भन्ने हार्दिक कामना गर्दछौं। नयाँ वर्षको आगमनसँगै बितेका वर्षका अनुभव, उपलब्धि तथा सिकाइलाई आत्मसात गर्दै नयाँ उत्साह, ऊर्जा र सकारात्मक सोचका साथ तानसेन नगरपालिकालाई समृद्ध, सुशासित र समावेशी नगर निर्माण गर्ने लक्ष्यका साथ विभिन्न विकास निर्माण, सेवा प्रवाह तथा जनमुखी कार्यक्रमहरुमा नगरबासीहरुको सुझाव र सक्रिय सहभागिता रहोस ।

सामाजिक सद्भाव, एकता, आपसी सहयोग र सहकार्यको भावना अझ सुदृढ बनाउँदै समृद्ध नगरपालिका निर्माणमा सबैले आ—आफ्नो ठाउँबाट योगदान पुर्याउनुहुनेछ भन्ने विश्वास लिएका छौं।

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना व्यक्त गर्दै यहाँहरूको व्यक्तिगत तथा पारिवारिक जीवन सुखमय, समृद्ध र सफल रहोस् भन्ने कामना गर्दछौं।

**नयाँ वर्ष २०८३ शुभ रहोस्!**

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रतिक्षा सिंजाली
नगर उपप्रमुख

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख